फोन नं:५३४७९१२, ५३४३९३९

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
(आपूर्ति, अनुगमन तथा उपभोक्ता संरक्षण शाखा)
बबरमहल, काठमाडौं

पत्र संख्या: २०८३/८४
च.नं.

## प्रेस विज्ञप्ति

यस विभागबाट आज मिति २०८३-०४-२१ गते बिहीबारका दिन तपसिलका उद्योग, फर्महरूको अनुगमन निरीक्षण गर्दा उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६ बमोजिम आवश्यक निर्देशन/कारवाही गरिएको ब्यहोरा सर्वसाधारण सबैमा जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिन्छ।

**तपसिलः**

| क्र.सं. | उद्योग/फर्मको नाम | ठेगाना | निर्देशन/कारवाही | कैफियत |
|---|---|---|---|---|
| १ | एभरेष्ट मार्ट स्टोर प्रा.लि. | काठमाडौं महानगरपालिका-१७ , ठहिटी | रु.२,००,०००/- (दुई लाख रुपैया मात्र) जरिवाना गरिएको। (उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १६(२)(क) बमोजिम MRP भन्दा बढी मुल्य लिएकोले सोही ऐनको दफा ३९(१)(ख) बमोजिम जरिवाना गरिएको) | |
| २ | गृष्मा इन्टरप्राइजेज प्रा.लि. | काठमाडौं महानगरपालिका-१६ , वालाजु | व्यवसायसँग सम्बन्धित कागजातहरु, मिति २०८३/०४/०१ देखि हालसम्मको ग्याँसको बिक्री विवरण एवं खरिद तथा विक्री विल सहित ३(तीन) दिन भित्र वाणिज्य विभागमा उपस्थित हुन निर्देशन दिइएको। | |
| ३ | हिम इलेकट्रोनिक्स प्रा.लि. | काठमाडौं महानगरपालिका-१ , नारायण चौर, नक्साल | TV को डिस्प्लेमा समस्या आएको भन्ने उजीको सन्दर्भमा Warranty Period रहेकोले मर्मत गरिसकेको उत्तर आएकोले खरिदकर्तालाई फोन सम्पर्क गर्दा मर्मत गरिदिएको जानकारी प्राप्त भएकोले सामानय निर्देशन दिइएको। | |
| ४ | मनकामना आर. एस. जेभी. | काठमाडौं महानगरपालिका-१० , सिंहदरवार | MRP, लेवल लगाएका वस्तु/सामानहरुको मात्र खरिद विक्री गर्नुहुन, विलविजक अनिवार्य रुपमा जारी गर्नुहुन एवं चमेनागृह स्थल तथा भान्सामा प्रयोग गरिने भाँडाकुडा लगायतको सरसफाईमा पूर्ण रुपमा ध्यान दिनु हुन निर्देशन दिइएको। | |
| ५ | खेम देवी स्टोर | काठमाडौं महानगरपालिका-३२ , सुविधानगर | माग भए वमोजिमका कागजातहरु सहित उपस्थित भएकोले पेश भएका कागजातहरुको अध्ययन गरी ग्याँसको कृतिम अभाव हुन नदिई नियमित सहज सरल रुपमा बिक्री वितरण गर्नुहुन, विल विजक अनिवार्य रुपमा जारी गर्नु हुन समेत निर्देशन दिइएको। | |
| ६ | नेपाल ग्यांस उद्योग प्रा. लि. | काठमाडौं महानगरपालिका-१६ , वालाजु औद्योगिक क्षेत्र | नेपाल सरकारले तोकेको मापदण्ड र नियमानुसार वजारमा ग्याँसको माग र आपूर्तिलाई थप व्यवस्थापन गर्नु हुन निर्देशन दिईएको । | |
| ७ | गृष्मा इन्टरप्राइजेज प्रा.लि. | काठमाडौं महानगरपालिका-२९ , अनामनगर | ग्याँस वितरण समानुपातिक रुपमा विवाद रहित हुने गरी वितरण गर्नु हुन निर्देशन दिइएको। | |
| ८ | एयरपोर्ट होटल प्रा. लि. | काठमाडौं महानगरपालिका-९ , सिनामंगल | ग्याँस होटलको माग तथा आवश्यकता अनुसार खरिद गरी प्रयोगमा आएको र आवश्यकता भन्दा बडी नदेखिएको हुँदा उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम व्यवसाय संचालन गर्नुहुन निर्देशन दिईएको दिइएको। | |
| ९ | जेरो टु टेन प्रा लि | काठमाडौं महानगरपालिका-७ , चाहविल | यस फर्म उपर परेको उजुरीका आधारमा अनुगमन गर्दा उजुरीकर्तालाई सामान फिर्ता गरी रकम फिर्ता गरेको कागजात पेश गरेकोले आवश्यक परेको वखत विभागमा उपस्थित हुन तथा MRP लेवललाई थप व्यवस्थित गर्न समेतको निर्देशन दिइएको। | |
| १० | न्यौपाने स्टोर | बुढानिलकण्ठ नगरपालिका-२ , भङाल | खरिद/विक्री विल, नापतौल सम्वन्धित कागजात चुस्त दुरुस्त राख्नुहुन एवं मूल्यसूची थप व्यवस्थित गर्न गर्नुहुन समेतको निर्देशन दिइएको। | |
| ११ | श्री वि आइ इ टी | बुढानिलकण्ठ नगरपालिका-२ , चपली घुम्ती | उपभोक्ता संरक्षण ऐन, २०७५ र उपभोक्ता संरक्षण नियमावली, २०७६ बमोजिम मापदण्ड पालना गरी व्यवसाय संचालन गर्नुहुन निर्देशन दिईएको। | |

मिति: २०८३-०४-२१ गते

ने.सं. ११४६